स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



६/७ वर्षअघि अभिनेत्री अनु शाहले फिल्म र म्यूजिक भिडियो लगातार गरिरहेकी थिइन् । तर, कोभिडपछि उनले म्यूजिक भिडियो छिटपुट गरिरहेको भए पनि फिल्मको अफर लगभग शून्यजस्तै छ । उनी ठूलो पर्दामा नदेखिएको नै ४/५ वर्ष भइसकेको छ । अब उनको कमब्याक फिल्म 'ईश्वर' आगामी साउन ११ गतेबाट प्रदर्शनमा आउने तयारीमा छ । यो फिल्मप्रति उनलाई ठूलो आशा छ । झण्डै १५ वर्षदेखि अभिनयमा सक्रिय अनुलाई निरन्तर फिल्म पाउन कठिन छ भन्ने लाग्छ ।

**आजको विचार...**



किन...
*(दुई पेजमा)*

गंगाबहादुर खत्री



दयाहाङ राई अहिलेको समयका 'नम्बर वान' अभिनेता हुन् भन्दा सम्भवत: अतिशयोक्ति नहोला । किनकि, केही वर्षयता सबैभन्दा बढी उनकै फिल्म चलेका छन् । यद्यपि, असफलताको दर पनि कम छैन । यतिबेला फिल्म क्षेत्रलाई नै आफ्नो काँधमा बोकिरहेका उनलाई फिल्मको प्रस्ताव सबैभन्दा बढी पुग्ने गर्छ । यसैले त अचेल वर्षमा महिनाभन्दा ज्यादा उनको 'लाइनअप'मा फिल्म हुन्छन् । धेरै फिल्मबाट अफर हुँदा छनोट गर्न ठूलो चुनौती हुन्छ । दयाहाङको भने फिल्म छान्ने आफ्नै शैली र तरिका छ ।

❑ वर्ष २९ ❑ अंक ३३४ ❑ २०८१ असार १९ गते बुधबार 3 July 2024, Wednesday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# सत्ता राजनीतिमा 'उथलपुथल'

## काँग्रेस–एमाले सत्ता समीकरणमा सहमति

**रामचन्द्र रायमझी**

**पाल्पा,** असार १८/मध्यरातमै सत्ता राजनीतिकमा 'उथलपुथल' आएको छ । नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको नेतृत्वमा रहेको सरकारलाई ढालेर काँग्रेस र एमालेले संविधान संशोधनको एजेण्डासहित 'राष्ट्रिय सहमतिको' सरकार बनाउने गरी सहमति गरेपछि एकाएक सत्ता राजनीतिमा 'उथलपुथल' आएको हो ।

माओवादीबाट आलोपालो धोका पाएका दुवै दलका शीर्षस्थ नेता केपी शर्मा ओली र शेरबहादुर देउवाले लामो र सघन गृहकार्यपछि सोमबार मध्यराति सहमतिपत्रमा हस्ताक्षर गरेका छन् । उनीहरुले संविधान संशोधनको एजेण्डासहित 'राष्ट्रिय सहमतिको' सरकार बनाउन सहमत भएका हुन् । कांग्रेस-एमाले सहमतिसँगै निर्वाचनयता डेढ वर्षको बीचमा तीन पटक गठबन्धन फेरेका पुष्पकमल दाहाल नेतृत्वको सरकार विघटनको संघारमा पुगेको छ । सहमतिअनुसार पहिलो चरणमा एमाले अध्यक्ष ओलीले सरकारको नेतृत्व गर्ने छन् भने दोस्रो चरणमा डेढ वर्षपछि कांग्रेस सभापति देउवा प्रधानमन्त्री बन्ने छन् । स-साना



दलहरू मिलाएर सरकार चलाउँदा अस्थिरता बढेको र जनमानसमा प्रणालीप्रति वितृष्णा बढेको भन्दै कांग्रेस सभापति देउवा र एमाले अध्यक्ष ओली केही दिनदेखि निरन्तर भेटवार्तामा सक्रिय रहेका थिए । फागुन २१ मा माओवादीले काँग्रेससँगको सहकार्य तोडेर एमालेसँग गठबन्धन बनाएदेखि नै दुई ठूला दलबीच संवादको नयाँ चरण सुरु भएको थियो । दुवैतर्फका नेताले सरकार मात्र होइन, राजनीतिक स्थिरताका लागि संविधानमा सुधार गर्नुपर्ने प्रस्तावमा समेत छलफल गर्दै आएका थिए । सुरुमा दोस्रो तहका नेताहरूबीच भएको संवाद सकारात्मक भएको भन्दै देउवा र ओलीको भेट बाक्लिएको थियो । अन्तत : सोमबार मध्यराति दुई दलबिच सत्ता समीकरणमा सहमति भएको हो । यो सहमतिलाई सत्ता राजनीतिको उथलपुथलको रुपमा हेरिएको छ । यी दुई दलले सकभर राष्ट्रिय सहमतिको सरकार बनाउने लक्ष्य लिएका छन् । सम्भव नभए संविधान संशोधनका लागि आवश्यक पर्ने दुई तिहाइ समर्थन जुटाएर सरकार बनाउने उनीहरुको तयारी छ । सरकारको नेतृत्व गर्ने एमालेले अर्थसहित ९ र कांग्रेसले गृहसहित १० मन्त्रालय लिने प्रारम्भिक समझदारी छ । तर, राष्ट्रिय सहमतिकै सरकार बनाउने प्रयास भएकाले मन्त्रालयको संख्या तलमाथि हुन सक्ने देखिन्छ । एमालेले कोसी, लुम्बिनी र कर्णाली प्रदेश सरकारको नेतृत्व गर्नेछ । कांग्रेसले बागमती, गण्डकी र सुदूरपश्चिम प्रदेश सरकारको नेतृत्व गर्नेछ । मधेस प्रदेश सरकारको नेतृत्व मधेसवादी दललाई दिने दुई दलले निर्णय गरेका छन् ।

एमालेसहितको नयाँ गठबन्धन बने पनि प्रधानमन्त्री दाहाल र एमाले अध्यक्ष ओलीबीचको सम्बन्ध चिसो हुँदै आएको छ । मूलत: धितोपत्र बोर्ड (सेबोन) का अध्यक्ष नियुक्त गर्ने प्रक्रियामा पनि दुई नेताबीच टकराव नै बन्यो । त्यति मात्र हैन एमालेसँग कुनै सल्लाह नै नगरी बजेट ल्याएकोमा समेत ओलीले आपत्ति जनाउँदै आएका थिए । अन्तमा उनले काँग्रेससँग मिलेर प्रचण्डलाई लत्याउने खेल खेले । काँग्रेससँग सहमति भएपछि तीन पटक गठबन्धन फेरेका प्रधानमन्त्री दाहाल नेतृत्वको सरकार विघटनको संघारमा पुगेको छ । एमाले सरकारबाट समर्थन फिर्ता लिना साथ दाहाल अल्पमतमा पर्ने छन् ।

**प्रचण्डले संसद्को 'फेस' गर्ने**

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सत्ता समीकरणमा परिवर्तन आए पनि तत्काल राजीनामा नदिने अडान लिएका छन् । उनले प्रतिनिधिसभाबाट विश्वासको मत लिने बताएका छन् । प्रधानमन्त्रीले संसद् 'फेस' गरेर विश्वासको मतको प्रस्तावमा जाने निर्णय गरेको पार्टी सचिवालयले जनाएको छ । हाल २ सय ७५ सदस्यीय प्रतिनिधिसभामा कांग्रेसको ८८ सिट छ भने भने एमालेको ७९ सिट छ । यस अगाडि २०८१ जेठ ७ गते चौथो पटक प्रधानमन्त्री प्रचण्डले राखेको विश्वासको मतको प्रस्तावको पक्षमा १५७ मत खस्यो भने विपक्षमा शून्य मत खसेको छ । एक सांसद भने तटस्थ बसे । बैठकमा १५८ मत खसेको थियो । प्रचण्डले तेस्रो पटक २०८० फागुन ३० गते विश्वासको मत पाएका थिए । विश्वासको मतका लागि पेश गरेको प्रस्तावको पक्षमा १५७ मत र विपक्षमा ११० मत खसेको थियो ।

**- बाँकी अन्तिम पेजमा...**

**संक्षिप्त समाचार**

### भागदौड मच्चिँदा २७ जनाको मृत्यु



**(रासस/एएनआई)**

**लखनऊ,** असार १८ /उत्तर प्रदेशको हाथरसमा मंगलबार एक धार्मिक कार्यक्रममा २५ महिला र दुई पुरुषसहित २७ जनाको मृत्यु भएको छ । घटनाको मुख्य कारण धार्मिक कार्यक्रममा भागदौड हुनु हो ।

उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले दु:खद घटनाप्रति समवेदना प्रकट गर्दै घटनास्थलमा राहत कार्यलाई तीव्रता दिन जिल्ला प्रशासनलाई तत्काल निर्देशन दिएका छन् । उनले घाइतेलाई तत्काल अस्पताल पुऱ्याउन र उचित उपचारको व्यवस्था गर्न अधिकारीहरूलाई निर्देशन दिए । जिल्ला प्रशासनका अधिकारीहरूलाई ढिलो नगरी घटनास्थलमा पुग्न र राहत र उद्धार कार्यलाई तीव्रता दिनसमेत उनले निर्देशन दिए ।

## भट्टराईको पहलमा छेर्लुङ्गका किसानलाई आँप र लिचीका बिरुवा



**पाल्पा,** असार १८/सामाजिक, राजीतिक तथा व्यवसायिक व्यक्तित्व किशोर भट्टराईको पहलमा तानसेन नगरपालिका-१३ छेर्लुङ्ग र बौगागुम्बाका किसानलाई आँप र लिचीका विरुवा वितरण गरिएको छ । डिभिजन वन कार्यालय पाल्पाको सहयोगमा भट्टराईले यहाँका किसानलाई आँप र लिचीका १ हजार २ सय ८० विरुवा वितरण गरेका हुन् ।

किसानलाई व्यावसायिक र आत्मनिर्भर बनाउन फलफूलका बिरुवा वितरण गरिएको भट्टराईले बताए । उनले भने 'किसानको मागका आधारमा डिभिजन वन कार्यालयको सहयोगमा ६ सय ३० आँप र ६ सय ५० लिचीका विरुवा वितरण गरिएको हो ।' उक्त विरुवा छेर्लुङ्ग र बौगागुम्बाका टोल समितिमार्फत किसानलाई वितरण गरिएको थियो ।

यस्तै यहाँका सर्देवा मावि र सारदा माविमा समेत उक्त फलफूलका विरुवा दिइएको हो । वन कार्यालयको बहुवर्षीय योजना अन्तर्गत विगत तीन वर्षदेखि वडामा फलफूलका विरुवा वितरण गरिर्दै आएको भट्टराईले एनजेडीसँगको कुराकानीमा बताए ।

*- बाँकी अन्तिम पेजमा*

## रोल्पा जिप दुर्घटना : सातको मृत्यु, आठ घाइते

**रासस**

**लुम्बिनी,** असार १८/रोल्पामा जिप दुर्घटनामा मृत्यु हुनेको संख्या सात पुगेको छ । रोल्पाको घर्तीगाउँबाट तालाबाङतर्फ जाँदै गरेको लु १ ज ३२५२ नम्बरको फोर्स जिप घर्तीगाउँ-तालाबाङ सडकखण्डमा पर्ने परेवा छहरानजिक सोमबार साँझ दुर्घटना हुँदा सात जनाको ज्यान गएको हो ।

दुर्घटनामा आठजना घाइते भएका छन् । जिप सडकबाट झण्डै चार सय मिटर तल खसेको बताइएको छ । घाइते मध्ये छ जनाको अवस्था गम्भीर रहेको जिल्ला प्रहरी कार्यालय रोल्पाले जनाएको छ । सो कार्यालयका सूचना अधिकारी एवं प्रहरी निरीक्षक रोहितकुमार शाहीका अनुसार मृत्यु हुनेमध्ये ६ जनाको पहिचान भएको छ भने एकजना बालिकाको पहिचान भएको छैन् । दुर्घटनामा मृत्यु हुनेमा रोल्पाको माडी गाउँपालिका-३ का ७७ वर्षीय खड्ग डाँगी, सोही ठाउँका ३० वर्षीया अमृता घर्ती, ३३ वर्षीया जुनमाया खड्का, परिवर्तन गाउँपालिका-२ का



३१ वर्षीया रामकली पुन, माडी-३ का ५० वर्षीय कर्मा घर्तीमगर र २७ वर्षीय चुपलाल डाँगी रहेको प्रहरी निरीक्षक शाहीले जानकारी दिए । पहिचान खुल्न नसकेकी बालिका दुर्घटनामा ज्यान गुमाउने अमृताकी छोरी हुन् कि भन्ने आशङ्का गरिएको प्रहरी निरीक्षक शाहीले बताए । घाइते आठ जनामध्ये दुईजना उपचारपछि 'डिस्चार्ज' भएका छन् । गम्भीर अवस्थाका छ जनालाई भने थप उपचारका लागि गएराति नै बुटवल ल्याइएको छ । सडकमा रहेको पहिरोलाई छलेर अगाडि बढ्न खोज्दा जिप दुर्घटनामा परेको जनाइएको छ । चालकले पहिरो छलेर केही अग्लो ठाउँबाट गाडीलाई पार गराउन खोज्दा जिप पछाडी सर्दै सडकबाट तल खसेको हुनसक्ने आशंका गरिएको छ । बजारमा किनमेल र गाउँपालिकाको काम सकेर घरतर्फ फर्किरहेका यात्रु सवार जिप दुर्घटनामा परेको थियो । जिपमा चालकसहित १५ जना सवार थिए । दुर्घटनामा जिपका चालक दीपक थापामगर पनि घाइते भएका प्रहरीले जनाएको छ । तालाबाङ गाउँ शोक परेको छ । जिप दुर्घटनामा अधिकांश तालाबाङवासी परेका थिए ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## मनसुनजन्य जोखिम : सतर्कता र पूर्वतयारी

**सोमबारदेखि बिहीबारसम्म मनसुन थप सक्रिय रहेकाले सर्तक रहन जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले सबैमा अनुरोध गरेको छ । मनसुनजन्य विपद्का कारण पाल्पासहित लुम्बिनीका ९ जिल्ला गुल्मी, कपिलवस्तु, रुपन्देही, अर्घाखाँची, प्युठान, नवलपसारी पश्चिम, रोल्पा, रुकुमपूर्व, कोशी प्रदेशका ताप्लेजुङ, पाँचथर, सङ्खुवासभा, तेह्रथुम, मोरङ, झापा, सुनसरी, इलाम, धनकुटा, भोजपुर, खोटाङ, सोलुखुम्बु, र ओखलढुङ्गा, बागमती प्रदेशका मकवानपुर, चितवन, सिन्धुपाल्चोक र दोलखा तथा गण्डकीका म्याग्दी, बागलुङ, कास्की, पर्वत, स्याङजा, तनहुँ, नवलपरासीपूर्व र लमजुङ बाढी पहिरोको उच्च जोखिममा रहेका बताइएको छ । यो वर्षाको मनसुनमा मुलुकभरि नै सरदरभन्दा बढी पानी पर्ने आकलन गरिएकाले पनि यी क्षेत्रमा अलि बढी सर्तक रहनुपर्ने भएको छ ।**

**विशेषगरी उच्च जोखिममा रहेका क्षेत्रहरुमा विहीबारसम्म भू–क्षय, पहिरो तथा गेग्रान, वहावको जोखिम रहेको, सहरी तथा तराइ क्षेत्रहरुमा डुवानको जोखिम रहेको, ठूला तथा साना नदी नाला र खोलाहरुमा पानीको सतह बढ्न सक्ने, दैनिक जनजीवन, कृषि, स्वास्थ्य, सडक तथा हवाई यातायात समेत प्रभावित हुन सक्ने भएकाले आवश्यक सर्तकता तथा पूर्वतयारी अपनाउनु पर्ने छ । एकाएक आइपर्ने प्राकृतिक विपत्तिलाई टारौँ भनेर टार्न सकिन्न तर बेलैमा सावधानी अपनाइयो भने क्षति न्यूनीकरण गर्न भने अवश्य सकिन्छ । विपत् जुनसुकै बेला पनि आउन सक्ने आकलनसहित योजनाबद्ध रूपमा सधैँ तम्तयार रहन आवश्यक देखिन्छ । मौसमजन्य विपत् न्यूनीकरण तथा उद्धारमा तत् तत् क्षेत्रका विज्ञ सम्मिलित कार्यदल परिचालन गर्नेतर्फ ढिलाइ गर्न नहुने विगतका घटनाले देखाएका छन् ।**

**सरकारले मनसुनी विपत् जोखिम न्यूनीकरण र व्यवस्थापन कार्यमा राष्ट्रियस्तरदेखि स्थानीय तहसम्म कार्य गर्ने सरकारी तथा गैरसरकारी संघ संस्थालाई समन्वयात्मक ढङ्गले परिचालन गर्न आवश्यक छ । देशव्यापी रूपमा हुने मनसुनी प्रभावको क्षति रोकथाम गर्ने,न्यूनीकरण गर्ने तथा योजनावद्ध ढङ्गले प्रतिकार्यमा जुट्नु अहिलेको आवश्यकता हो । विगतमा देखिएका विपत् आइपरेपछि मात्र चासो देखाउने तर बेलैमा सचेतना, सावधानी तथा सुरक्षाका उपाय अवलम्बन नगरिने प्रवृत्ति अन्त्य गरी जनधनको क्षति हुनबाट जोगाउन सबै पक्षले सतर्कता र पूर्व तयारी अपनाउन जरुरी छ ।**

## Opinion @ Social Network

एक्लै अगाडि बढ्न सिक्नुहोस् जिन्दगीमा जब दु:ख पर्छ नि तब साथ दिनेहरू भन्दा तमसा हेर्नेको भिड धेरै लाग्ने गर्छन् वरिपरी ।
*(शोभा पुनको फेसबुक स्टाटसबाट www.facebook.com//shova.pun.)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# किन खस्किँदैछ एसईई नतिजा ? के छन् सुधारका उपाय ?



**गंगाबहादुर खत्री**

माध्यमिक शिक्षा परीक्षा (एसईई) को नतिजा गत बिहीबार प्रकाशन भएको छ । विगत ८ वर्षको अभ्यासलाई तोड्दै नयाँ ढंगबाट नतिजा प्रकाशन भएसँगै सो नतिजालाई लिएर विभिन्न खालका बहसहरू सुरु भएका छन् । अन्य दिनमा कानमा तेल राखेर बस्ने, नतिजा आएपछि विभिन्न होटल तथा चोकमा बसेर व्याख्या, विश्लेषण र चिन्तन मनन गर्ने नेपाली परम्परा पुरानै हो । यसपटक पनि सो परम्परा दोहोरिएको छ । एसईई परीक्षामा विभिन्न सामुदायिक तथा संस्थागत विद्यालयबाट ४ लाख ६४ हजार ७ सय ८५ जना विद्यार्थी सामेल भएका थिए । यीमध्ये २ लाख २२ हजार ४ सय ७२ जना विद्यार्थी कक्षा ११ मा भर्ना हुन पाउनेगरी उत्तीर्ण भएका छन् । गणितका हिसाबले यो संख्या कुल परीक्षार्थीको ४७ दशमलव ८७ प्रतिशत हुन आउँछ । अर्थात्, यसपटकको एसईईमा ४७ दशमलव ८७ प्रतिशत मात्र विद्यार्थी पास भएका छन् भन्दा हुन्छ । बाँकी २ लाख ४२ हजार ३ सय १३ जना विद्यार्थी अनुत्तीर्ण (फेल) भएका छन् । परीक्षा बोर्डको भाषामा यिनीहरूलाई ननग्रेडिङ अर्थात् कुनै पनि ग्रेड ल्याउन नसकेको भनिए तापनि अन्ततत्वगत्वा यो संख्या फेल नै हो । गणितीय भाषामा भन्दा यो संख्या ५२ दशमलव १३ प्रतिशत हुन आउँछ । यो नतिजासँगै शिक्षा पद्धति वा प्रणालीमाथि आम मानिसहरुले प्रश्न गर्नुको साथै विभिन्न माध्यमबाट आक्रोस व्यक्त गरिरहेका छन् भने सरकारले तत्कालका लागि असफल सबै विद्यार्थीहरु मौका परीक्षामा सहभागी हुन सक्ने निर्णय गरेको छ । यसर्थ यहाँ एसईई नतिजाले उब्जाएका प्रश्न, शिक्षाको गुणस्तर, नतिजा कमजोर हुनुका कारणहरु र वर्तमान वहसका विषयमा केन्द्रीत रहेर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

**किन खस्कियो शिक्षाको गुणस्तर ?**
राष्ट्रिय परीक्षा बोर्डले एसईईको नतिजा सार्वजनिक गरेपछि शिक्षाको गुणस्तरमा प्रश्नहरु उठेका छन् । संसदमा समेत यसका विषयमा प्रश्नहरु उठे । यसरी प्रश्न उठ्दै गर्दा कतै देशको शिक्षा प्रणालीलाई दोष लगाइएको छ त कतै प्रत्यक्ष विद्यालयसँग सम्बन्धित व्यक्तिहरुलाई दोषि देखाइएको छ । पाठ्यक्रम, विद्यार्थीका आवश्यकता अर्थात् रुचि र मूल्याङ्कन प्रणाली बीचमा तालमेल नभएका कारण पनि यस्तो भएको हुन सक्ने विषय पनि प्राथमिकताका साथ उठिरहेको छ । यी र यस्ता बहसहरुले शिक्षा प्रणाली वा पद्धतिमा केहि त्रुटीहरु रहेको स्पष्ट हुन्छ । ढिलोचाडो यो विषयमाथि बहस चल्नुपर्ने थियो र सुरु भएको पनि छ । यसलाई सकारात्मक मान्नुपर्छ । विगतका वर्षको विद्यार्थी उतीर्ण दरको अध्ययनले यस वर्षको नतिजालाई कमजोर भनेर व्याख्या विश्लेण गर्नु भन्दा पनि पहिलेका नतिजाको तुलनामा सुधार हुन नसकेको भन्नु उपयुक्त हुन्छ । यससँग सम्बन्धित केहि सवालहरुको बारेमा अध्ययन गर्नु नै आजको आवश्यकता हो । विद्यालयको अवस्था, विद्यार्थीहरुको आवश्यकता, रुची र तत्परता, अभिभावकहरुको लगानी अर्थात् सक्रियता, शिक्षकहरुको लगाव, पाठ्यक्रम, पाठ्यांश, मूल्याङ्कन प्रणाली, मूल्याङ्कनमा सहभागीहरुको ल्याकत र इमान्दारी, मूल्याङ्कन पद्धति, अभिभावकको सामाजिक आर्थिक अवस्था, राजनैतिक विचलन र सामाजिक परिवेश जस्ता विषयवस्तुहरुको बारेमा विश्लेषण गर्नुपर्ने हुन्छ । शिक्षाका धरोहर वा शिक्षा परिमार्जनका जिम्मेवार व्यक्तिहरुले शिक्षामा सुधारका नाममा गर्ने अनेक प्रकारका निर्णयहरुले पनि शिक्षाको गुणस्तरमा प्रभाव पारिरहेको छ । देशको आवश्यकता र परिस्थितिलाई नजरअन्दाज गरी विश्वका अन्य देश वा राज्यहरुको शिक्षालाई टपक्क टिपेर लागु गर्नु नै गलत प्रवृति हो । यस्तै प्रवृतिका कारण देशको शिक्षाको गुणस्तर खस्किएको हो ।

**यस्ता छन् नतिजा कमजोरका कारक**
नेपाल सरकारले शिक्षालाई व्यवहारिक बनाउने उद्देश्यले नेपाल सरकारले पछिल्लो पाठ्यक्रममा कक्षा ४ बाट नै प्रत्येक विषयहरुमा प्रयोगात्मक भाग समावेश गरेको छ तर विद्यालयहरुमा शिक्षक विद्यार्थीबाट यसको अभ्यासलाई कम प्राथमिकता दिई रहेका छन् । सरकारबाट सहजीकरणको अभाव देखिएको छ । प्रयोगात्मक अंक शिक्षकको खल्तीको अंकको रुपमा प्रदान गरिदै आएको छ । विद्यार्थीलाई गरेर सिक्ने अवसर भन्दा पनि पढेर मात्रै सिक्ने अवसर प्रदान गरिएको छ । यो दीर्घकालीन वा व्यवहारिक शिक्षा हुन सक्दैन । त्यस्तै विषयगत प्रत्यक्षीकरणको अभ्यासमा कमी छ अर्कोतर्फ प्रयोगात्मक शिक्षालाई जोडेता पनि सैद्धान्तिक विषयवस्तु संक्षेपिकरण गरेको छैन् । मूल्याङ्कनमा अनुसन्धान, परियोजना कार्य जस्ता सिकाइ क्रियाकलापलाई जोड्न सकिएको छैन् । पाठ्यक्रममा आधारित सिकाइ, आन्तरिक तथा बाह्य मूल्याङ्कन, सिकाइका विधिलाई विद्यालयसँग जोड्न सकिएको छैन् भने अर्कोतर्फ शिक्षा क्षेत्रमा लागु गरिने योजना या प्रणालीहरुको दिर्घकालीन प्रभाव वा असरको अध्ययन तथा समिक्षाविना नै कार्यान्वयन गरी शिक्षा जस्ता गम्भीर क्षेत्रमा पटक पटक विद्यार्थीहरुलाई प्रयोगशालाका साधन जस्तै प्रयोग मात्रै गरिएको छ । देश, काल र परिस्थिति सुहाउँदो शिक्षा प्रणालीको विकास र परिमार्जनविना नै विदेशी पाठ्यक्रम र मूल्याङ्कन पद्धति अवलम्बन गरिनु नै यो नतिजाको कारक हो । अन्य देशको देखासिकीले दीर्घकालीन प्रतिकार्यमा प्रभाव पारेको छ । पाठ्यक्रमं विद्यार्थीहरूको आवश्यकतासँग सान्दर्भिक वा आवश्यकता अनुसारको नहुनु र वर्तमान मूल्याङ्कन विधिहरूले विद्यार्थीको सिकाइलाई प्रभावकारी रूपमा मापन गर्न नसक्नु पनि कारणहरु हुन । पाठ्यक्रमा रहेका विभिन्न क्षेत्र तथा क्रमलाई कक्षाकोठा भित्र विद्यार्थी क्षमता अनुरुप पस्कन नसक्नु पनि कारक विषयहरु हुन् । शिक्षकको व्यवस्थापन तथा परिचालनमा पनि समन्वयकारी भूमिका रहेका तहहरुको कार्य सम्पादनमा कमी कमजोरी हुनाले शिक्षाको गुणस्तरमा असर परेको हो । मुलुकका विद्यालयहरुमा विषय गत शिक्षकको अभाव छ । समन्वयकारी तहहरुले शैक्षिक गुणस्तरमा भन्दा भौतिक विकासमा बढी ध्यान दिएका छन् । विद्यालयभित्र अति राजनीति छ । विद्यालय व्यवस्थापन समिति छनोट वा शिक्षक सरुवामा गा.पा वा न.पा भित्रका विद्यालयको आधारमा दलगत राजनैतिक भागबण्डा गरिन्छ । राजनैतिक भागबण्डामा परेका विद्यालय व्यवस्थापन समिति अर्थात् शिक्षकले विद्यालयको शैक्षिक उपलब्धीमा सुधार गर्छन् त ? शिक्षकहरुलाई स्वतन्त्र रुपमा कार्य सम्पादन गर्न दिन्छ त ? पक्कै पनि दिदैन । अनि विद्यालयको शैक्षिक उपलब्धीको बारेमा नतिजा प्रकाशनको दिन चिन्ता व्यक्त गरेर हुन्छ ? बाँकी ३६४ दिन विद्यालय सुधारमा को को चिन्तित छन् त ? त्यस्तै गतिविधिका कारण आएको परिणाम नै अहिलेको माध्यमिक शिक्षा परीक्षा ( एसईई) को नतिजा हो । यसको जिम्मेवारी राज्यको शिक्षा नीति, पद्धति र विद्यालय तहसँग जोडिएका हरेक तह, तप्का र व्यक्तिहरूले लिनुपर्ने हो तर यसो भएको पाइदैन । एकले अर्कोलाई दोषी सावित गर्न आतुर रहेको पाइन्छ । हाम्रो समाजमा जबसम्म बजेट दिनेले दिएको, विद्यालय हेर्नेले हेर्दिएको,पढाउनेले पढाइदिएको, पढ्नेले पढिदिएको, पठाउनेले विद्यालय पठाईदिएको, विज्ञहरूले नीति तथा कार्यक्रम बनाईदिएको, अनुगमन तथा नियमनकर्ता गरिदिएको जस्ता प्रचलन नहटे सम्म नतिजा सुधार हुँदैन । सबै गरिदिने छन् गर्ने कोहि छैन्, अनि नतिजाको दिन मात्रै चिन्ता सबैमा अनि सुधार सम्भव छ त ?

अहिलेका केहि विद्यार्थीहरुमा आक्रोश, वितृष्णा, नकारात्मक इगो, सहनशीलताको कमी ,अभिभावकप्रतिको विश्वास कम मात्रमा पाइन्छ भने वर्तमान प्रविधिको विकासका कारण विद्यार्थीले पुस्तक अध्ययन वा गृहकार्यका लागि समय व्यवस्थापन गर्न सकिरहेका छैन् । फलत : उनीहरुले चाहे जस्तो नतिजा प्राप्त गर्न सकेका छैन् । अभिभावहरुले पनि विद्यार्थीमाथि प्रत्यक्ष निगरानी राख्न सकिरहेका छैनन् । अभिभावकमा पनि छोराछोरीले तत्कालै कुनै नकरात्मक व्यवहार देखाउने डरका कारण पढाइ वा सिकाइप्रति दबाव दिन सकिरहेका छैन् । यस्ता कारणले शिक्षाको गुणस्तरमा ह्रास उत्पन्न भइरहेको छ । विद्यालयहरुमा भौतिक संरचनामा मात्रै लगानी भएको छ भने शिक्षणसिकाई क्रियाकलापहरुमा लगानीको अभाव रहेको छ । विद्यालयमा विद्यार्थीका लागि उपयुक्त सन्र्दभ सामग्रीहरु पुगेका छैनन् । सन्दर्भ सामग्री खरिद तथा व्यवस्थापनमा प्रक्रियामा नै अनिमियता भएको पाइन्छ । कतै नविकेका किताबहरु विद्यालयको पुस्ताकालयमा पुग्ने गरेका छन् । जुन सामाग्रीहरु विद्यार्थीको प्रयोगका लागि उपयुक्त छैन र त्यसबाट विद्यार्थीको सिकाई प्रक्रियामा कुनै पनि किसिमको प्रभाव पार्दैनन् । यदि कतै व्यवस्थित छन् भने पनि प्रयोगहिन हुनुले पनि मैले सिक्नुपर्छे भावनामा विद्यार्थीमा जगाउन सक्दैनन् । समय समयमा परिर्वन हुने सरकार र सरकारी निर्णयहरु पनि नतिजा कमजोर हुनुका कारणहरु हुन् । राजनीतिक अस्थिरता र सरकार परिवर्तनले शिक्षा नीति र कोषमा बाधा पु¥याएको छ, जसले शैक्षिक कार्यक्रमहरूको स्थिरता र निरन्तरतालाई असर गरिरहेको छ । एसईईको नतिजा कमजोर हुनुका पछाडी धेरै कारणहरु रहेका छन् । धेरै विद्यालयहरूमा कक्षाकोठा, पुस्तकालय र प्रयोगशालाहरू सहित पर्याप्त पूर्वाधारको अभाव छ । पुस्तक, कम्प्युटर र अन्य सिकाइ सामग्रीमा सीमित पहुँचले पनि शिक्षाको गुणस्तरमा बाधा पु¥याउँछ । विशेषगरी ग्रामीण क्षेत्रमा दक्ष शिक्षकको अभाव छ । थप रूपमा, शिक्षणको गुणस्तर व्यापक रूपमा भिन्न हुन सक्छ, जसले विद्यार्थीको सिकाइ परिणामहरूलाई असर गर्छ । अर्कोतर्फ शिक्षकहरुको सरुवामा हुने राजनैतिक तिक्डमहरुले पनि शिक्षकलाई एकाग्र भएर शिक्षण क्रियाकलापमा लाग्न दिएको छैन् । विद्यार्थी, अभिवकहरुले आर्थिक चुनौतिहरूको सामना गर्नुपरेको छ । धेरै परिवारहरूले स्कूल शुल्क, पोशाक र आपूर्तिहरू वहन गर्न संघर्ष गरिरहेका छन् । यसले उच्च विद्यालय छोड्ने दर र शिक्षामा सीमित पहुँच निम्त्याउने मात्रै होइन नतिजामा समेत प्रत्यक्ष असर पार्ने गर्दछ । नेपालमा विविध जातीय र भाषिक समुदायहरू छन् । शिक्षामा धेरै भाषाहरूको प्रयोगले बाधाहरू सिर्जना गर्न सक्छ, विशेष गरी क्षेत्रहरूमा जहाँ शिक्षाको माध्यम विद्यार्थीहरूको मातृभाषाहरू भन्दा फरक छ । शिक्षकहरु पनि विभिन्न भाषि रहेका छन् जसले गर्दा विद्यार्थीहरुले शिक्षकले सिकाउन खोजेको विषयवस्तुलाई बुझ्न कठिन भएको पाईन्छ । नेपालको दुर्गम भू-भाग र दुर्गम समुदायहरूले देश भरमा निरन्तर शैक्षिक सेवाहरू प्रदान गर्न गाह्रो बनाएको छ । यातायात जस्ता पूर्वाधार चुनौतिहरूले पनि विद्यालयको पहुँचमा बाधा पु्याएको छ भने त्यस्ता स्थानहरुमा शिक्षकहरुको निरन्तरता कम मात्रमा हुने गरेको पाईन्छ । यसको अलवा शिक्षामा लैङ्गिक अन्तरहरू रहेका छन्, विशेष गरी ग्रामीण क्षेत्रहरूमा जहाँ सांस्कृतिक मापदण्डहरूले केटाहरूको शिक्षालाई केटीहरूको शिक्षालाई प्राथमिकता दिन सक्छ । यसले केटीहरु शैक्षिक क्षेत्रमा प्रत्यक्ष सहभागी भएर सिकाई गर्ने अवस्था कम छ । यी समस्याहरूलाई सम्बोधन गर्न पूर्वाधार सुधार गर्न, शिक्षकहरूलाई तालिम दिन, समान पहुँच सुनिश्चित गर्न र सान्दर्भिक र प्रभावकारी शैक्षिक नीतिहरू निर्माण गर्न सरकार, समुदाय र अन्तर्राष्ट्रिय संस्थाहरूबाट ठोस प्रयास आवश्यकता छ । जे जस्ता टिकाटिपणी गरिएता पनि समग्रमा यो नतिजाले विद्यार्थी शिक्षक र अभिभावकमा भएको भ्रमलाई चिर्दै शिक्षामा नविन आयामको सुरुवात गरेको पाइन्छ । नपढे पनि पास भइन्छ भन्ने भ्रमलाई तोडेको छ । यो कदमले विद्यार्थीमा पठन संस्कृतिको विकास हुनुको साथै शिक्षक अभिभावकहरुलाई थप जिम्मेवारी बनाएको छ । ***(लेखक पाल्पा प्यारागन बोर्डिङ्ग स्कूलका प्रिन्सिपल समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
- बुटवल ०७१–५४०२२२
- स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
- बुटवल रामनगर ०७१–५४१२३३
- भैरहवा ०७१–५२०१९९
- अर्घाखाँची ०७७–५२११९९
- गुल्मी ०७९–५२०१९९
- परासी ०७८–५२०१९९
- तौलिहवा ०७६–५६००९९
- पाल्पा ०७५–५२०५३६, ५२०१९९
- इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
- लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
- लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
- भिमअस्पताल भैरहवा ०७१–५२०१९३
- मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
- परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
- पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
- लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
- पिचन्द्र परासी ०७८–५२०१८८
- भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
- अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
- तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
- तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
- सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
- बुटवल हस्पितल ०७१–५४६४३२
- लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
- रेडक्रस बुटवल ५४१००४
- लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
- मेडिटेक अस्पताल ५४९०७२
- कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
- आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
- रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
- रोटरी क्लब बुटवल ०७१–५४४६००
- लियो क्लब अफ बुटवल ०७१–५४५८९३
- रेडक्रस भैरहवा०७१–५२०२६३
- रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
- परासी ०७८–५२०१२५
- रेडक्रस पाल्पा ०७५–५२०६००
- रेडक्रस तौलिहवा ०७६–५६००१५
- रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
- रेडक्रस गुल्मी ०७९–५२०१६३
- नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
- लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
- नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
- जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
- लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
- बनगाई क्लब बनगाई ०७६–६९०१०२
- रेडक्रस देवदह ०७१–५७७०९९
- लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
- बुटवल जेसिस ९८४७१२९९६४
- न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
- परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
- रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : राजनैतिक क्षेत्रमा सफलता मिल्नेछ। लाभदायक यात्रा हुनेछ । | **तुला** : न्यायिक कार्यमा सफलता मिल्नेछ। शुभकार्यको चर्चा चल्नेछ । |
| **वृष** : सहकर्मीबाट विरोध आउला । नियमित खर्चसमेत बढ्ने योग छ । | **वृश्चिक** : अरुलाई प्रभावित पारेर काम बन्नेछ । रोकिएको धन हात पर्ला । |
| **मिथुन** : सहकर्मीबाट विरोध आउला । नियमित खर्चसमेत बढ्ने योग छ । | **धनु** : कामका चुनौतीहरू पनि हट्ने छन् । आतिथ्यपूर्ण सम्मान पाइनेछ । |
| **कर्कट** : मित्रबाट विशेष सहयोग मिल्नेछ। रोकिएका काम पुन: सुरु हुन सक्छन् । | **मकर** : कार्यमा सफलता मिल्नेछ । व्यापारमा मनग्ये धनलाभ हुनेछ । |
| **सिंह** : आर्थिक कारोबारमा सफलता पाइएला । लाभदायक यात्रा होला । | **कुम्भ** : बन्न लागेको काम बिग्रिनेछ । स्वास्थ्य सम्बन्धी चिन्ता बढ्नेछ । |
| **कन्या** : विभिन्न अवसर जुनेछ । आत्मविश्वास र पराक्रममा वृद्धि हुनेछ । | **मीन** : सामान चोरी हुने सम्भावना छ । काममा उल्झन आउनेछ । |

## कला मनोरञ्जन

# ५ सय करोड क्लबमा पुग्यो प्रभासको कल्की



यतिबेला भारतमा मात्रै नभएर सीमापार पनि दक्षिण भारतीय सुपरस्टार प्रभासको फिल्म कल्कि २८९८ एडीले राम्रो व्यापार गरिरहेको छ । फिल्मले सबैतिरबाट टन्नै माया पाइरहेको छ । जुन २७ मा रिलिज भएको यो फिल्मले दिनहुँ नयाँ नयाँ कीर्तिमान बनाइरहेको छ । विश्वभरमा फिल्मले ५०० करोड भारु कमाएको छ । कमाइको हिसाबले कल्की उत्तरी अमेरिकामा सर्वाधिक कमाउने १० भारतीय चलचित्रको सूचीमा पनि परेको छ ।

प्रभास र दीपिका पादुकोण, अमिताभ बच्चन, कमल हासन र दिशा पटानी अभिनित फिल्मले चौथो दिन ठुलो उपलब्धि हासिल गरेको छ । नाग अश्विनद्वारा निर्देशित यो फिल्म प्रतिष्ठित ५०० करोड क्लबमा पुगेको छ । फिल्मका निर्माताले आइतबार राति माइक्रो ब्लगिङ वेबसाइट एक्समा यसको आधिकारिक घोषणा गरेका हुन् । कमाइको हिसाबले कल्कि २८९८ एडी सबैभन्दा धेरै कमाउने पाँचौं तेलुगु फिल्म बनेको छ । यसअघि बाहुबली द कन्क्लुजन, आरआरआर, सालार पार्ट १ र बाहुबली द बिगिनिङले यो उपलब्धि हासिल गरेका थिए । सूचीमा प्रभासका चार ओटा फिल्म छन् । कल्की फिल्म पहिलो एक हप्तामै एक हजार करोड क्लबमा सामेल हुने अनुमान गरिएको छ । यो फिल्म १५ सय करोड क्लबमा पर्छ कि पर्दैन भन्ने चाँहि सोमवारको व्यापारमा भर पर्ने बताइएको छ । उत्तर अमेरिकाको यस फिल्मप्रति मानिसहरूमा व्यापक क्रेज देखिएको छ । पछिल्लो अपडेट अनुसार फिल्मले यस क्षेत्रमा एक करोड डलर कलेक्सन गरेको छ । योसँगै कल्की उत्तरी अमेरिकामा सबैभन्दा धेरै कमाउने भारतीय फिल्मको सूचीमा आठौं स्थानमा उक्लिएको छ । लाइफ टाइम कमाइमा फिल्म यस क्षेत्रमा शीर्ष तीनमा पुग्न सक्ने आशा गरिएको छ ।

*-रातोपाटी डटकम*

# हङकङमा 'जारी'को रेकर्ड 'पूजार सार्की'ले तोड्यो




नेपालमा व्यावसायिक रुपमा सफलता हासिल गरेको फिल्म 'पूजार सार्की' यतिबेला विदेशमा समेत प्रदर्शन भइरहेको छ । जापान, यूके, दक्षिण कोरिया, यूरोप, कतार लगायतका देशपछि आइतबार हङकङमा पनि फिल्म प्रदर्शन गरियो । जसमा सहभागी हुन नेपालबाट फिल्मका अभिनेताहरु आर्यन सिग्देल, पल शाह, अभिनेत्री परीक्षा लिम्बू र लेखक विकास सुवेदी हङकङ पुगेका थिए ।

व्हाम्पोआ हलको दुईवटा स्क्रिनमा ७ सयभन्दा बढी दर्शक उपस्थित भएका थिए । दुवै स्क्रिन हाउसफुल हुँदा २ सय बढी दर्शकले फिल्म हेर्न नपाएको जनाइएको छ । फिल्म हेर्न नेपाली समुदायहरु बस नै 'रिजर्भ' गरेर हलमा पुगेका थिए । फिल्मप्रति दर्शकको क्रेजलाई मध्यनजर गर्दै केही दिनभित्र अरु पनि शोहरु आयोजना गर्ने तयारी भइरहेको हङकङका वितरक बिरेन थापाले बताए । लेखक सुवेदीले भने हङकङमा फिल्मले व्यापारिक हिसाबमा 'रेकर्ड' नै बनाएको दाबी गरेका छन् । 'यसअघि हङकङमा 'जारी'ले ठूलो संख्यामा दर्शक ओरालेको रहेछ, यसपटक 'पूजार सार्की'मा व्यापक दर्शक आए । 'जारी'को रेकर्ड पनि हाम्रो फिल्मले तोड्यो । राम्रो फिल्म भए संसारको जुनसुकै कुनामा भए पनि दर्शकहरुले स्वीकार गर्ने रहेछन् भन्ने महसुस भयो,' उनले खुसी व्यक्त गरे ।

फिल्मको हङकङ प्रदर्शनमा पल र आर्यनको क्रेज पनि हेर्नलायक रह्यो । उनीहरुसँग तस्वीर खिच्न र हात मिलाउन दर्शकहरुबीच हानाथाप चलेको थियो । फिल्म हेरेपछि दर्शकबाट प्रतिक्रिया पनि राम्रो मिलेको लेखक सुवेदीले बताए ।

कथावस्तु र कलाकारको अभिनयको सबैभन्दा बढी प्रशंसा भएको उनको भनाई छ । 'पूजार सार्की' नेपालका हलमा भने ५१औं दिन मनाउने संघारमा छ ।

*-फिल्मीखबर डटकम*

# प्रियंका कार्की फिल्म 'माइली'मा अनुबन्धित





रुना इन्टरटेनमेन्टको ब्यानरमा निर्माण हुने फिल्म 'माइली'को शीर्ष भूमिकामा प्रियंका कार्की अनुबन्धित भएकी छन् ।

बाबु साहेब बलामीले निर्देशन गर्ने फिल्मका लागि प्रियंका र निर्माताबीच यसैसाता लिखित सम्झौता भएको छ । निर्माताले प्रियंकाको क्यारेक्टर पोस्टर पनि सार्वजनिक गरेका छन् । निर्देशक बलामीले सत्य घटनामा आधारित हुने भनिएको फिल्ममा महिलाको पीडा देखाइने बताए । 'दलित महिलाको श्रीमान नभएपछि समाजले ऊमाथि कस्तो दृष्टि लगाउछ ? उसका स-साना नाबालक छोरी हुर्काउन कति कठिन हुन्छ ? यहि समाज जातियताको आडमा कसरी प्रताडित गर्छ भन्ने कथा फिल्ममा देखाइनेछ', निर्देशक बलामीले भने । असार अन्त्यदेखि छायांकन गरिने फिल्मलाई मकवानपुरको वीरखर्क, कुलेखानी, काठमाडौं र युएईको दुबईमा छायांकन गरिने भएको छ । फिल्ममा शंकर अधिकारी 'घायल'को गीत र पटकथा, संवाद तथा राजेन्द्र बजगाइको संगीत रहनेछ ।

*-अनलाइनखबर डटकम*

# चलचित्र विकास बोर्डले २३ वर्षपछि पायो लोगो




चलचित्र विकास बोर्डको स्थापना भएको २३ वर्षपछि लोगो निर्माण गरिएको छ । आइतबार बोर्डको २४औं वार्षिकोत्सवका अवसरमा आयोजित समारोहमा संचार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले बोर्डको लोगो सार्वजनिक गरेकी हुन् ।

लोगो, नारा र धुन छनोट समितिका संयोजक केएल बुढाथोकीका अनुसार लोगोको डिजाइन ललितकलाका प्रोफेसर एवं वरिष्ठ कलाकार राधेश्याम मुल्मीले गरेका हुन् । लोगोमा नेपाली चलचित्रको इतिहासदेखि वर्तमानसम्मका विकासक्रम, रिअलिदेखि डिजिटलसम्मको प्रविधि र नेपाली मौलिकतालाई अभिव्यक्त गरिएको छ ।

लोगोसँगै बोर्डले 'बुद्धको ज्ञान सगरमाथाको सान, राष्ट्रिय चलचित्र हाम्रो पहिचान' आफ्नो नारा पनि तय गरेको छ । चलचित्र ऐन २०२६ को १० (क) अनुसार २०५७ असार १६ गते बोर्डको स्थापना भएको थियो । यसअघिसम्म बोर्डले नेपाल सरकारको लोगो प्रयोग गर्दै आएको थियो । अब बोर्डले आफ्नो लोगो प्रयोग गर्नेछ ।

*-बाह्रखरी डटकम*

# फिल्म 'बुलाकी' पुन: प्रदर्शन हुने



कर्णाली भेगको जारी प्रथाको कथावस्तुमा बनेको फिल्म 'बुलाकी' लाई पुन: प्रदर्शनमा ल्याइने भएको छ ।

निर्माण टिमले सोमबार एक पोस्टर सार्वजनिक गर्दै फिल्मलाई साउन ३२ गते रि-रिलिज गर्न लागिएको जानकारी दिएको हो । लक्ष्मण सुनारको निर्देशन रहेको फिल्ममा सुरक्षा पन्त, नरेन खड्का र विराज विष्टको मुख्य भूमिका छ । यो फिल्म यसअघि गत वर्षको वैशाखमा अन्य दुई फिल्म 'जारी' र 'बिहे पास' सँग एकसाथ प्रदर्शनमा आएको थियो । त्यसबेला प्रर्याप्त शो नपाएको भन्दै रिलिजको दोस्रो दिनमै फिल्मको प्रदर्शन स्थगित गरिएको थियो । यो बिचमा देश-विदेशका विभिन्न फिल्म महोत्सवमा सहभागी फिल्मलाई लिएर दर्शकले देखाएको चासोलाई मध्येनजर गर्दै पुन: प्रदर्शनमा ल्याउन लागिएको अभिनेता एवं निर्माता समेत रहेका विराज विष्टले बताए। 'अघिल्लो पटकभन्दा परिस्कृत गर्दै, त्यसबेला देखिएका कमी-कमजोरीलाई थप सुधार गरेर फिल्मलाई प्रदर्शनमा ल्याउन लागेका हौं,' विष्टले भने । राजबहादुर सानेको कथा एवं पटकथा रहेको यो फिल्मको निर्माता टोपेन्द्र विष्ट हुन् । फिल्ममा सुरक्षा, नरेन र विराजका साथमा सरस्वती खत्री, प्रकाश कंडेल, लक्ष्मी गिरी, सुशील पोखरेल, रमेश बुढाथोकी, कुलदिप अधिकारी, झलनाथ खत्री, उपसना नेम्वाङ, सोनु सेढाई लगायत कलाकारको अभिनय छ । छत्रेश्वरी म्यानेजमेन्ट प्रालीको ब्यानरमा निर्माण भएको फिल्मलाई शिव ढकालले छायांकन, अर्जुन जिसी र लक्ष्मण सुनारले सम्पादन गरेका हुन् । फिल्मलाई काठमाडौंमा रिच इन्टरटेन्मेन्ट प्राली र मोफसलमा एफडी कम्पनीले वितरण गर्नेछ ।

*-सेतोपाटी डटकम*

# फिल्म 'सतीदेवी'को प्रदर्शन मिति सऱ्यो



लक्ष्मण सुवेदीको निर्देशनमा बनेको तेस्रो फिल्म 'सतीदेवी' पूर्वघोषित मिति साउन ४ गतेबाट झन्डै एक महिना पछाडि सरेको छ ।

भदौ ७ गतेलाई फिल्मको नयाँ प्रदर्शन मिति घोषणा गरिएको छ । निर्माण कम्पनी दिलासा क्रियशनले एक विज्ञप्ति जारी गर्दै प्राविधिक कारणले फिल्मको प्रदर्शन मिति हेरफेर गरिएको जनाएको छ । मलिका महत, रमेश बुढाथोकी, कुलदीप अधिकारी, सन्दीपबाबु लोहनी, सृजना अधिकारी, मनिषा सापकोटा, भोलाराज सापकोटा, सन्देश लिम्बू, हर्षिका वली, मन्जिला बाँनियाँ लगायतको अभिनय रहेको फिल्मको निर्मातामा विशाल सुवेदी र श्रीदेवी सुवेदी छन् । फिल्मले वंश धान्न छोरा चाहिन्छ भन्ने पितृसत्तात्मक सोचलाई प्रश्न गरेको छ । फिल्मको टिजरदेखि गीतसम्म रिलिज भइसकेको छ । दिलाशा क्रियसन र गोल्डेन स्टेट मुभी मेकर्स एलएलसी क्यालिफोर्नियाको सहकार्यमा निर्माण भएको 'सतीदेवी' मा निर्देशक सुवेदी स्वयंको स्क्रिप्ट लेखन तथा निर्माण छ भने बाबु श्रेष्ठले छायांकन, दीपक शर्मा र सुवास भुसालको संगीत तथा रामजी लामिछानेको कोरियोग्राफी रहेको छ । फिल्मको वितरण काठमाडौं उपत्यकामा रिच इन्टरटेन्टमेन्ट र उपत्यकाबाहिर एफडी कम्पनीले गर्नेछ ।

*-डिसीनेपाल डटकम*

# 'जिन्दगी हो खेल जस्तै' सार्वजनिक



संगीत क्षेत्रका पुरुष सेलिब्रेटीसँग प्रेमको नाटक गरी शारीरिक सम्बन्ध राखेर 'हनी ट्र्याप' ( महजाल) मा पारिएको कथामा आधारित गीतको भिडियो 'जिन्दगी हो खेल जस्तै' सार्वजनिक भएको छ ।

विनोद राईको स्वर, दीपेन्द्र अधिकारीको शब्दरचना, राजकुमार बगगरको संगीत र कमल सौरागको संगीत संयोजन रहेको गीतको भिडियो सार्वजनिक भएको हो । वीरेन्द्र भाट 'विपिन' को निर्देशन, दृश्य तथा रंग सम्पादनमा तयार भएको गीतको भिडियोमा अजय रेग्मीको सिनेमाटोग्राफी र लोकेश भाटको ग्राफिक्स छ । भिडियोमा सेलिब्रेटीको भूमिकामा गीतका गायक विनोद राई स्वयंले र षड्ययन्त्रकारी युवतीको भूमिकामा ऋचा थापाले अभिनय गर्नुभएको छ भने सहायक भूमिकामा राजेन्द्र शर्मा, अर्जुन कुँवर, रश्मी आचार्य, सन्तोष कुँवर, नवराज बड्वाल र सुरज भुसाललाई देख्न सकिन्छ । गीतको भिडिओ डिए क्रियशन्स युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको हो ।

*-इहिमालय टाइम्स डटकम*

# महिलालाई जुत्ता, चप्पल बनाउने तालिम



**बुटवल,** असार १८/बुटवल उपमहानगरपालिकाले ३५ जना महिलालाई जुत्ता, चप्पल बनाउने तालिम दिएको छ । उपमहानगरपालिकाले महिलाहरुलाई स्वरोजगार बनाउने उद्देश्यले १० दिने जुत्ता बनाउने तालिम दिएको हो ।

सीप विकासमार्फत विपन्न समुदायका महिलाहरुलाई आत्मनिर्भर बनाउन तालिम आयोजना गरिएको उपमहानगरपालिकाले जनाएको छ । तालिममा सहभागी महिलाहरुले उत्साहका साथ तालिम लिएका छन् । तालिम पश्चात उनीहरुलाई प्रमाण-पत्र समेत प्रदान गरिएको छ । तालिम लिएका महिला उद्यमीलाई एक कार्यक्रमकाबीच नगर प्रमुख खेलराज पाण्डेयले प्रमाण-पत्र हस्तान्तरण गरका हुन् । प्रमाणपत्र प्रदान गर्दै उनले बुटवलमा सीप र रोजगारलाई प्राथमिकता दिदै दक्ष जनशक्ति र उद्यमी उत्पादन गर्ने बताए । उनले महिला र युवाहरुलाई सीपसँग जोड्दै क्षमता विकास गर्ने र उत्पादन गरेका वस्तुहरु बजारसम्म पुऱ्याउनका लागि सहजीकरण गर्ने उल्लेख गरे । नगर प्रमुख पाण्डेयले गृहणी महिला स्वरोजगार कार्यक्रम अन्तर्गत तालिम दिएका महिलाहरुले उत्पादन गरेका सामग्रीहरुलाई कोशेली घरका रुपमा स्थापना गरी बजारसम्म पुऱ्याउन नगरले अगुवाई गर्ने बताए । उनले कोशेली घरमा बुटवलले दिने सबै तालिमहरुबाट उत्पादन भएका उद्यमी तथा स्वरोजगारहरुलाई प्रवर्द्धन गर्ने गरी व्यवस्थापन गर्ने बताए ।

कार्यक्रममा उपप्रमुख सावित्रादेवी अर्यालले महिलाहरुको क्षमता विकासमा बुटवलले विशेष जोड दिएको बताइन् । कार्यक्रममा सिटिजन बैंकका प्रदेश प्रमुख प्रयास अर्याल, उद्योग वाणिज्य संघका मदनकुमार कार्की, शाखा प्रमुख गुनाकर खनाललगायतले बुटवललाई उद्यमका क्षेत्रमा अगाडि बढाउन सामुहिक प्रयास जरुरी रहेको बताए ।

## खेलकुद समाचार

# उरुग्वे र पानमा क्वाटरफाइनलमा




**काठमाडौं,** १८ असार/आयोजक अमेरिकालाई १-० ले पराजित गर्दै उरुग्वे कोपा अमेरिका २०२४ को क्वाटरफाइनलमा प्रवेश गरेको छ । लगातार तेस्रो जित निकाल्दै उरुग्वे समूह सी को विजेताको रुपमा अन्तिम ८ मा प्रवेश गरेको हो ।

कान्सास सिटीस्थित एरोहेड स्टेडियममा भएको खेलमा उरुग्वेका लागि माथिएस ओलिभेराले ६६औं मिनेटमा निर्णायक गोल गरे । हारपछि अमेरिका भने समूह चरणबाटै बाहिरिएको छ । अर्को खेलमा पानमाले बोलिभयालाई ३-१ ले हराएपछि अमेरिका समूहमा तेस्रो हुँदै बाहिरिएको हो । पानमाका लागि जोस फाजार्डो, एडुअर्डो गुएरेरो र सेजार यानिसले गोल गरे ।

बोलिभियाका लागि ब्रुनो मिरन्डाले सान्त्वना गोल फर्काए । दुई खेल जितेको पानमा भने समूह उपविजेताको रुपमा क्वाटरफाइनल प्रवेश गरेको छ । पहिलो खेलमा उरुग्वेसँग पराजित भएपछि पानमाले अमेरिकालाई हराएको थियो ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचक बढ्यो



**पाल्पा,** असार १८/मंगलबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक बढेको छ । नेप्से तीव्र उतारचढावका बीच ४७ दशमलव ०४ अंकले बढेको हो ।

नेप्से परिसूचक दुई दशमलव २९ प्रतिशतले बढेर दुई हजार एक सय दशमलव ४३ को बिन्दुमा कायम भएको छ । कारोबार सुरु भएलगत्तै परिसूचक चार प्रतिशतले बढेपछि पहिलो पटक २० मिनेटका लागि कारोबार स्थगित भएको थियो । नेप्सेको नियमअनुसार दोस्रोपटक कारोबार सुरु भएको एक मिनेटमै परिसूचक थप एक प्रतिशत बिन्दुले बढेर पाँच प्रतिशत पुगेपछि कारोबार अर्को ४० मिनेटका लागि बन्द भएको थियो ।

कारोबारमा विभिन्न तीन सय १५ कम्पनीको एक करोड १६ लाख ४५ हजार नौ सय पाँच कित्ता शेयर ६० हजार सात सय २० पटक खरिदबिक्री हुँदा चार अर्ब ५७ करोड ६८ लाख ३१ हजार सात सय २० बराबरको कारोबार भएको छ । सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै उत्पादन तथा प्रशोधन तीन दशमलव ३०, व्यापार तीन दशमलव १२ र बैंकिङ तीन दशमलव ०३ प्रतिशतले बढेको छ । त्यस्तै, विकास बैंक दुई दशमलव ०१, वित्त दुई दशमलव ११, होटल तथा पर्यटन एक दशमलव ०९, जलविद्युत् एक दशमलव ८०, लगानी दशमलव ३१ र जीवन बीमा दुई दशमलव १७ प्रतिशतले बढेको छ । लघुवित्त एक दशमलव ४५, म्युचुअल फण्ड शून्य दशमलव ३६, निर्जीवन बीमा दुई दशमलव ४३ र अन्य समूह एक दशमलव ७३ प्रतिशतले बढेको छ । सो अवधिमा कारोबारमा सबैभन्दा धेरै हिमालयन डिस्टलरी लिमिटेडको शेयर मूल्य आठ दशमलव ५४ र समाज लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य छ दशमलव ९६ प्रतिशतले बढेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै एनआरएन इन्फ्रास्ट्रक्चर एण्ड डेभलपमेन्ट लिमिटेडको १२ करोड ३३ लाख ८५ हजार पाँच सय ६९ र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेडको प्रमोटर शेयर तीन लाख ६६ हजार पाँच सय कित्ता शेयर किनबेच भएको छ । शेयर मूल्य घट्नेमा भने सबैभन्दा धेरै उपकार लघुवित्त वित्तीय संस्था लिमिटेडको छ दशमलव ४६ र हिमालयन ऊर्जा विकास कम्पनीको छ दशमलव २१ प्रतिशतले घटेको छ ।

# भट्टराईको...

उनले भने 'फलफूल खेतीबाट किसानलाई व्यावसायिक, आत्मनिर्भर बनाउँदै आर्थिकस्तर वृद्धि गर्ने उद्देश्य र पर्यावारणीय दृष्टिकोणले समेत हराभर बनाउने उद्देश्यले प्रत्येक वर्ष विभिन्न फलफूलका विरुवा यहाँका किसानलाई दिर्दै आएका छौं ।' २०७९ मा यहाँका किसानलाई एक हजार २ सय आँप, लिची र कागतीका विरुवा दिइएको थियो भने २०८० मा पनि सोही परिमाणमा विरुवा दिइएको भट्टराईले बताए । भट्टराई तानसेन - १३ नेपाली काँग्रेसका वडा सभापति र पुस्तक व्यवसायी समेत हुन् । उनी राजनीति र व्यवसायसँगसँगै सामाजिक कार्यमा समेत उत्तिकै सक्रिय छन् । कृषि वन कार्यक्रम अन्तर्गत यहाँका किसानलाई विरुवा वितरण गरिएको डिभिजन वन कार्यालयका अधिकृत यमलाल पोखरेलले बताए । उनका अनुसार अनुगमनका क्रममा यहाँका किसानलले शतप्रतिशत विरुवा संरक्षण गरेका कारण पुन: मागका आधारमा वितरण गरिएको हो । वन कार्यालयले सो कृषि वन कार्याक्रम अन्तर्गत, तानसेन १३, ६, बगनासकालीको ७, रम्भाको १, २, निस्दीको ४, रिब्दीकोटको ४ र रामपुर नगरपालिका लगायतका स्थानीय तहमा समेत फलफूलका विरुवा वितरण गरेको छ ।

# सत्ता...

...प्रचण्डले त्यसअघि दोस्रो पटक २०७९ पुस २६ गते पहिलो पटक र चैत्र ६ गते दोस्रो पटक विश्वासको मत लिएका थिए ।

पहिलो पटक बैठकमा उपस्थित २७० सांसदमध्ये २६८ जनाले प्रचण्डलाई मत दिएका थिए । दोस्रो पटक बैठकमा उपस्थित २६२ सांसदमध्ये १७२ जनाले मत दिएका थिए । गत २०७९ पुस १० गते कांग्रेसको गठबन्धन तोडेर एमाले नेतृत्वको गठबन्धनबाट प्रचण्ड प्रधानमन्त्री नियुक्त भएका थिए । त्यसपछि एमालेको गठबन्धन तोडेर कांग्रेससँग गठबन्धन गरेका थिए । उनले पुन:कांग्रेससँगको गठबन्धन तोडेर एमालेसँग सहकार्य गर्न आएका हुन् ।

**रास्वपाले तत्काल सरकार नछाड्ने**

राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) ले तत्काल सरकार नछाड्ने भएको छ । नयाँ सरकार बन्ने संवैधानिक प्रक्रिया सुरु भएपछि सरकारबाट बाहिरिने तर नयाँ गठबन्धनमा सहभागी नहुने योजनामा रास्वपा रहेको छ ।


## शिक्षक आवश्यकता

*प्रकाशित मिति : २०८१/०३/१९*

प्रस्तुत विषयमा यस विद्यालयको व्यवस्थापन समितिको मिति २०८१/०३/१३ गतेको निर्णय तथा रैनादेवी छहरा गा.पा.को मिति २०८१/०३/१४ गते च.नं २०१४ को अनुपति पत्र तथा शिक्षा विकास तथा समन्वय इकाई पाल्पाको मिति २०८१/०३/१८ गते, च.नं १७४३ को पत्र अनुसार तपसिल बमोजिमको अस्थायी करार शिक्षक नियुक्तिको लागि विज्ञापन प्रकाशित गरिएको छ ।विज्ञापनमा उल्लेखित विवरण अनुसारका योग्य इच्छुक नेपाली नागरिकबाट रीतपूर्वकको दरखास्त आह्वान गरिन्छ ।

तपसिल

**विज्ञापन नं.** : ०२/०८०/०८१, **पद** : शिक्षक ( १ जना ) **तह/श्रेणी** : नि.मा.वि. तृतीय, **विषय**: अंग्रेजी, **न्युनतम शैक्षिक योग्यता** : शिक्षा संकायमा मूल विषय अंग्रेजी लिई कक्षा १२ उत्तीर्ण वा सो सरह (माथिल्लो योग्यता, कम्प्युटर सीप भएको र अनुभवीलाई प्राथमिकता)
**उमेर** : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको, **तलब स्केल** : नेपाल सरकारको प्रचलित नियम कानून बमोजिम ।, **दरखास्त दस्तुर** : रु ७००/-, **दरखास्त दिने मिति** : २०८१/०३/१९ गते देखि २०८१/०४/०२ गते कायलय समय भित्र, **सम्पर्क मिति** : दरखास्त दिने अन्तिम मितिको अर्को दिन । **परीक्षा मिति र स्थान** : सम्पर्क मितिमा तोकिने छ ।
**परीक्षाको किसिम** : लिखित, अन्तर्वार्ता र आवश्यकतानुसार प्रयोगात्मक ।
**आवश्यक कागजातहरू** : नेपाली नागरिकताको प्रामण पत्र, शैक्षिक योग्यता, अध्यापन अनुमति पत्र, निरोगिताको प्रमाणपत्रका प्रमाणित प्रतिलिपि
*(नोट:परीक्षाको दिन सक्कल प्रमाणप्रत्र उपलब्ध गराउनु पर्नेछ ।)*
**सम्पर्क नं.** : ९८६७१२४०१८, ९८४७०७०४१८, ९८४७१७१०६८, ९८४७०००२०३

**श्री वेद वेदाङ्ग संस्कृत तथा साधारण मा.वि.**
रैनादेवी छहरा-१, सिद्धेश्वर, देवले, अर्चले, पाल्पा



## भर्ना सम्बन्धी अत्यन्त जरुरी सूचना

CTEVT बाट स्वीकृति प्राप्त यस पाल्पा टेक्निकल इन्स्टिच्यूट तानसेन, पाल्पामा शैक्षिक वर्ष २०८१/०८२ को लागि ३ वर्षे डिप्लोमा कार्यक्रम/प्रमाण पत्र तह **सामान्य चिकित्सा**(H.A.), **मेडिकल ल्याव्रोटोरी टेक्नोलोजि** (CMLT) र फिजियोथेरापी विषयमा भर्ना खुलेको जानकारी गराउँदै उक्त विषय अध्ययन गर्न ईच्छुक SLC वा SEE मा अनिवार्य अंग्रेजी, गणित र विज्ञान विषय लिई समग्रमा न्यूनतम स्तरिकृत अंक ४.० मा २.० जि.पि.ए. अथवा सो सरह वा परिषद्बाट सम्बन्धित प्राविधिक एस.एल.सी/प्रि-डिप्लोमा तहको कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको विद्यार्थीहरुले भर्नाको लागि समयमै सम्पर्क गर्न जानकारी गराईन्छ ।

**आवेदन फारम साथ पेश गर्नुपर्ने कागजातहरु :**

क) स्पष्ट मुखाकृती देखिने हालसालै खिचिएको पासपोर्ट साइज (35mmx45mm) को दुई प्रति रंगीन फोटो ।
ख) एस.एल.सी.वा प्राविधिक एस.एल.सी (प्रि-डिप्लोमा) वा एस.ई.ई. वा सो सरहको शैक्षिक योग्यताको लब्धांकपत्र र प्रमाणपत्रको प्रतिलिपी ।
ग) नागरिकता वा जन्मदर्ताको प्रमाणपत्र तथा चारित्रिक प्रमाण पत्रको प्रतिलिपि ।
घ) नेपाल बाहेक अन्य मुलुकबाट एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण गर्नेको हकमा नेपाल सरकारले तोकेको निकायद्वारा समकक्षता निर्धारण गरिएको पत्रको प्रतिलिपी ।

- **आवेदन फर्म ईन्स्टीच्युटबाट वितरण भैरहेको छ ।**
- **फर्म बुझाउने अन्तिम मिति-२०८१ श्रावण १३ गते आइतबार (कार्यालय समय भित्र)**
- **प्रवेश परीक्षा -२०८१ श्रावण १९ गते शनिबार बिहान ८ बजे**

**सम्पर्क**

**पाल्पा टेक्निकल ईन्स्टिच्युट**
**मेहलधारा -२, तानसेन पाल्पा (पाल्पा आयुर्वेद स्वास्थ्य केन्द्र नजिकै (आफ्नै भवनमा)**
फोन नं. ०७५-५२०७१४/५२०३८२/५२०३१६/५९०००६
मोबाईल नम्बर ९८५७०६०३४६, ९८४७०२९८१६, ९८४७०६८०५२



## सर्पले डसेमा ध्यान दिनुपर्ने कुराहरु

- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,

नेपाल सरकार
**विज्ञापन बोर्ड**



**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई